दर्ता नं.: ५७२/०६५/०६६

"समुदायको दिगो विकासको लागि उत्कृष्ट सहकारी संस्था"

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

# DOODH POKHARI SAVING & CREDIT CO-OPERATIVE LTD.

# १०औं बार्षिक साधारण सभा

## बार्षिक प्रतिवेदन

(आ.व. २०७४/०७५)






**२०७५ असोज ६ गते, शनिबार**

**दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
**DOODH POKHARI SAVING & CREDIT CO-OPERATIVE LTD.**
पोखरा महानगरपालिका-१२, माटेपानी
फोन: ०६१-५२५०६६
Email:dpsco12@gmail.com

दर्ता नं. ५७२/०६५/०६६

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

DOODH POKHARI SAVING & CREDIT CO-OPERATIVE LTD.

कास्की, नेपाल
Kaski, Nepal
स्थापना: २०६५ (2008)

पत्र संख्या२०७५।७६
च. नं.: ३१

मिति : २०७५।०५।२६

श्री ......................

विषय : दशौं साधारण सभामा उपस्थिति हुने बारे ।

यस दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि. को दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा उपस्थिति हुन हार्दिक अनुरोध गरिन्छ ।

साधारण सभामा हुने छलफलका विषयहरु

१. संचालक समितिको तर्फबाट संस्थाको अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन ।
२. आ.व. २०७४/७५ को सचिवको प्रतिवेदन प्रस्तुत र पारित ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकज्यूको प्रतिवेदन उपर छलफल र अनुमोदन ।
४. आ.व. २०७४/०७५ का लेखा परिक्षकको प्रतिवेदन उपर छलफल र अनुमोदन ।
५. आ.व. २०७४/०७५ को कोषाध्यक्षबाट प्रस्तुत प्रस्तावित बजेट तथा कार्यक्रम पारित ।
६. आ.व. २०७५/०७६ को लागि लेखा परिक्षकको नियुक्ति ।
७. बैठक कक्षको निर्माण खर्चको अनुमोदन ।
८. विनियम संशोधन सम्बन्धमा ।
९. नीति र कार्य संचालन कार्यविधि अनुमोदन सम्बन्धमा ।
१०. निस्क्रिय शेयर सदस्य सम्बन्धमा ।
११. मासिक बचत सम्बन्धमा ।
१२. साधारण सभामा निर्णय पुस्तिकामा हस्ताक्षर गर्न २ जना प्रतिनिधि तोक्ने ।
१३. विविध

कार्यक्रम:
मिति : २०७५ असोज ६ गते, शनिवार
समय : बिहान ९:०० बजे
स्थान : चिउली पार्चे तमु समाजघर, पोखरा १२, चापापानी
सम्पर्क : ०६१-५२५०६६, ९८५६०३९५३८

सचिव
कौशिला गुरुङ्ग

नोट :
१) खाजा र खानाको व्यवस्था हुनेछ ।
२) यातायात खर्चको व्यवस्था हुनेछ ।

सम्पर्क: पोखरा-१२, माटेपानी, कास्की
फोन नं.: ०६१-५२५०६६
Email: dpsco12@gmail.com

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

माटेपानी–१२, पोखरा

## दशौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री हितमान गुरुङ्गज्यूको प्रतिवेदन

हाम्रो सहकारीको **दशौं वार्षिक साधारण सभा कार्यक्रमका** प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, शेयरधनी सदस्यज्युहरु, सल्लाहकार समितिका सदस्यज्यूहरु, कर्मचारीहरु, संचालक समिति तथा उप-समितिका सदस्यहरु तथा आमन्त्रित अन्य पाहुनाहरु लगायत सम्पूर्ण महानुभावहरुमा मेरो व्यक्तिगत तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिबादन गर्न चहान्छु ।

स्थानीय तहमा उपलब्ध पूँजीलाई बचतको माध्यमबाट एकिकृत गरी उक्त पूँजीको सही परिचालनबाट संस्थामा संलग्न शेयरधनी सदस्यहरुको आर्थिक, सामाजिक तथा शैक्षिक स्तरलाई उठाउदै दिगो र सफल भविश्यको लागि आत्म निर्भरता बनाउने अभिप्रायले **दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** स्थापना गरिएको हो ।

स्थानीय व्यक्तिहरुको स्वऐच्छिक सहभागिताबाट उनीहरुको समान आर्थिक, सामाजिक र शैक्षिक आवश्यकताहरु परिपुर्ति गर्नको लागि सामूहिक स्वामित्व र प्रजातान्त्रिक ढंगबाट नियन्त्रित स्वायत्त संस्था नै सहकारी हो । मानव सभ्यताको प्रारम्भिक कालदेखि नै सामुहिक सहकार्यको विकास हुँदै आएको तथ्य सवैलाई थाहा नै छ । समाजमा एक जना ब्यक्तिको प्रयासले मात्र हाम्रा आवश्यकताहरु पुर्ति गर्न संभव छैन । त्यसका लागि सामूहिक सोच, प्रयास, छलफल, सहकार्य र नेतृत्वको खाँचो पर्दछ । यसरी सहकार्यको अवधारणालाई मुर्तरुप दिदै समान आर्थिक अवस्था भएका सदस्यहरुको आर्थिक, सामाजिक, शैक्षिक एवं साँस्कृतिक आकांक्षाहरु तथा अल्पकालिन र दिर्घकालिन उद्देश्यहरु परिपूर्ति गर्नका लागि वि.सं. २०६५ मंसिर २३ गते (साबिक सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीमा) विधिबत रुपमा दर्ता भई **दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** नामबाट आर्थिक कारोवार संचालन गर्दै आइरहेको छ ।

पोखरा महानगरपालिका अन्तर्गत पर्ने तीन वटा वडालाई समेटेर स्थापना गरेको संस्था वि.सं. २०७२ साउनबाट कास्की जिल्लाभरि कारोबर गर्न सम्बन्धित निकायबाट स्वीकृति लिएको हो ।

सहकारी सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यता, सिद्धान्त तथा नीति नियमबाट निर्देशित हुदै शेयरधनी सदस्यहरुको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक पक्षहरुको उन्नति र प्रगति गर्नमा यो संस्था सक्षम हुनेछ भन्ने कुरामा पुर्ण बिश्वास तथा आशा हामीले लिएका छौं । शेयरधनी सदस्यहरुको आर्थिक सशक्तिकरण तथा समाज परिर्वतनको पवित्र कार्यमा सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुको सक्रिय सहयोगले **समुदायको दिगो विकासको लागि उत्कृष्ठ सहकारी** संस्थाको रुपमा विकास गर्न सहयोग पुग्ने बिश्वास हामीले लिएका छौं ।

**दूध पोखरी बचत तथा ऋण सहकारी**ले सहकारी सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुल्य, मान्यता र सिद्धान्तहरुलाई अक्षरस पालना गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै निकट भविश्यमा आउन लागेको दशै तथा दिपावली पर्वको उपलक्ष्यमा समस्त शेयरधनी सदस्यहरु, कर्मचारीहरु, शुभचिन्तक लगायत सम्पूर्ण आमन्त्रित महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी

धन्यबाद !

**श्री हितमान गुरुङ्ग**
अध्यक्ष
दूध पोखरी बचत तथा ऋण
सहकारी संस्था लिमिटेड

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**माटेपानी–१२, पोखरा**

## दशौं वार्षिक साधारण सभामा सञ्चालक समितिको सचिव कौशिला गुरुङ्गज्युद्वारा प्रस्तुत प्रतिवेदन

यस गरिमामय साधारण सभाका अध्यक्षज्यु प्रमुख अतिथिज्यु, विषेश अतिथिज्युहरु, संचालक समिति र उप-समितिका पदाधिकारीज्युहरु, यहाँ उपस्थित सम्पुर्ण शेयरधनी सदस्यज्युहरु, कर्मचारीहरु, यहाँहरु सबैमा यस संस्थाको सञ्चालक समिति र मेरो तर्फबाट हार्दिक स्वागत र अभिवादन गर्न चहान्छु ।

सहकारी सिद्धान्त र मुल्य-मान्यतामा आधरित सामुहिक स्वामित्व र प्रजातान्त्रिक प्रणालीबाट नियन्त्रित र निर्देशित स्वायत्त, पारदर्शिता र समानता अन्तर्गत रहेर संचालित सामुहिक उद्यम नै सहकारी हो । स्थानीय स्तरमा छरिएर रहेको स-साना पुँजीलाई संकलन गरी स्थानीय तहमै प्रयोग गरी आफनो आवश्यकताहरु परिपुर्ती गर्ने, उद्यमी र व्यवसायी बनाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारीको सिद्धान्त अनुसार आर्थिक जीवन स्तरलाई उकास्ने र आत्मनिर्भर बनाउने अभिप्रायले २०६५ सालमा स्थापित यस दुध पोखरी बचत तथा ऋण सहकारी संस्था आज दशौं बर्षमा प्रवेशको संघारमा यो साधारण सभा हुन गइरहेको पाउँदा हामी सबै खुसी छौं ।

अध्यक्षज्यु, यस संस्थाका सञ्चालक समितिका सदस्य साथीहरु, कर्मचारी साथीहरुको प्रयासमा तयार गरिएको आर्थिक बर्ष २०७४/७५ को प्रतिवेदन अब म यो गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चहान्छु ।

१. **शेयर पुंजी संकलन :** आर्थिक वर्ष २०७३/०७४ मा संस्थाको शेयर पुँजी रु. ३ करोड ७४ लाख ८९ हजार ६ सय रहेकोमा आर्थिक वर्ष २०७४/०७५ मा रु. ३ लाख १ हजार २ सय थप भई रु. ३ करोड ७७ लाख ९० हजार ८ सय हुन पुगेको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा ०.८० % ले बढी रहेको छ ।

२. **वचत (निक्षेप) संकलन :** आर्थिक वर्ष २०७३/०७४ मा संस्थाको निक्षेप रु. २३ करोड ५७ लाख ७५ हजार २ सय ८० रुपैयाँ ७९ पैसा रहेकोमा आर्थिक वर्ष २०७४/०७५ म रु. ६ करोड २४ लाख ६७ हजार ३९ रुपैयाँ १७ पैसा थप भई रु. २९ करोड ८२ लाख ४२ हजार ३ सय १९ रुपैयाँ ९६ पैसा हुन पुगेको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा २६.४९% ले बढी रहेको छ ।

३. **कर्जा लगानी :** यस संस्थाबाट आर्थिक वर्ष २०७३/०७४ मा सदस्यहरुलाई विभिन्न शिर्षकमा कर्जा लगानी तथा उनीहरुबाट कर्जा असुली समेत गरी सोही आर्थिक वर्षको अन्त्य सम्ममा बाँकी कर्जा रु. २२ करोड २३ लाख ७२ हजार ६ सय ८१ रुपैयाँ ७ पैसा लगानीमा रहेकोमा रु. ४ करोड ३४ लाख ७३ हजार ९ सय ९२ रुपैयाँ ४६ पैसाले थप भई आ.व. २०७४/०७५ मा रु. २६ करोड ५८ लाख ४६ हजार ०६ सय ७३ रुपैयाँ ५३ पैसा लगानीमा रहेको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा १९.५५% ले बढी रहेको छ ।

४. **वार्षिक खर्च :** संस्थाबाट आर्थिक वर्ष २०७३/०७४ मा संचालन खर्च शिर्षक अन्तर्गत रही रु. ४४ लाख ६६ हजार १ सय ५१ रुपैया १६ पैसा खर्च भएकोमा आर्थिक वर्ष २०७४/०७५ मा रु. २७ लाख ७१ हजार १ सय ५० रुपैया ५१ पैसा खर्च भएको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा (३७.९२)% ले कमी रहेको छ । त्यसैगरी निक्षेपमा ब्याज खर्च आर्थिक वर्ष २०७३/०७४ मा रु. २ करोड ०६ लाख ४१ हजार २ सय ९५ रुपैया ७० पैसा रहेकोमा २०७४/०७५ मा रु. २ करोड ६५ लाख ०७ हजार ७ सय ८७ रुपैयाँ १८ पैसा भएको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा २८.४२% ले बढी हो । त्यसैगरी कर्मचारी खर्च र ह्रास खर्चा तर्फ आ.व. २०७३/७४ मा ४१ लाख ९२ हजार ३३ रुपैयाँ ३५ पैसा भएकोमा आर्थिक वर्ष २०७४/०७५ मा ३४ लाख ४२ हजार ४ सय ६५ रुपैयाँ ७२ पैसा भएको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा (१७.८८)% ले कमी छ ।

५. **वार्षिक आम्दानी :** संस्थाबाट आर्थिक वर्ष २०७३/०७४ मा विभिन्न शिर्षक अन्तरगत रही जम्मा रु. ३ करोड ८६ लाख ३९ हजार ५ सय ३४ रुपैया ८० पैसा आम्दानी भएकोमा आर्थिक २०७४/०७५ मा रु. ४ करोड १४ लाख ५३ हजार ४ सय ५४ रुपैया १८ पैसा भएको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा ७.२८ % ले बढी रहेको छ ।

६. **नाफा नोक्सानको स्थिति :** संस्थावाट आर्थिक वर्ष २०७३/०७४ मा कर योग्य मुनाफा रु. ६० लाख ३३ हजार ९ सय ६८ रुपैयाँ ३८ पैसा भएकोमा आर्थिक वर्ष २०७४/०७५ मा रु. ५१ लाख ६७ हजार ६ सय ६४ रुपैयाँ ९३ पैसा रहेको छ । जुन आर्थिक वर्ष २०७३/०७४ को तुलनामा (१४.३६)% ले कमी हो ।

७. **जोखिम ब्यवस्थापन :** संस्थालाई दिर्घकालसम्म जोखिम रहित अवस्थामा राख्नका लागि सहकारी मापदण्ड २०६८ अनुसार कर्जाका लागि कोष तयार गरेका छौ । त्यसका लागि आर्थिक वर्ष २०७४/०७५ सम्म रु. ७२ लाख ५८ हजार ३ सय १६ रुपैया ९८ पैसा जोखिम कर्जा ब्यवस्थापन गरेको जानकारी गराउन चहान्छौं ।

## ८. कार्यालय व्यवस्थापन शिक्षा तथा मानव संशाधन तालिमहरु :

कार्यालय व्यवस्थापन तर्फ कार्यालयलाई थप व्यवस्थित बनाउनका लागि यस आर्थिक वर्षमा व्यवस्थापक तथा ऋण अधिकृतको लागि कार्यालय कक्षा छुटै व्यवस्था गरी काउन्टरलाई ग्रहाकहरुको सुविधाको लागि खुल्ला गरिएको र रिसेप्सनको छुटै काउन्टरको व्यवस्था गरिएको छ । नगद सुरक्षाको हिसावले भल्टको व्यवस्था पनि गरिएको छ भने यसै वर्ष ऋण व्यवस्थापनको लागि सहज गराउन ऋण सहायकको पनि नियुक्ति गरिएको छ । संचालक समितिको बैठक तथा तालिमहरु संचालनको लागि व्यवस्थित खालको बैठक हल पनि यसै वर्ष निर्माण गरिएको छ । कार्यालयमा सिसि क्यामराको पनि व्यवस्था गरिएको छ । कर्मचारीहरुलाई सक्षम र कियासिल बनाउनका लागि विभिन्न तालिम तथा गोष्ठीहरुमा सहभागि गराउने कार्य गरियो । शेयरधनी सदस्यहरुको लागि थप विभिन्न कार्यकमहरु तथा सहकारी शिक्षा तालिमहरु यस आर्थिक वर्षमा सम्पन्न गरियो ।

## ९. विभिन्न नीति तथा कार्यविधिहरुको व्यवस्था:

ऋण नीति, बचत निति, मानव संशाधन नीति, सदस्य राहत वितरण कार्यविधि, नगद व्यवस्थापन कार्यविधि, सदस्य सुचना कार्यविधि, संचालक समितिको बैठक संचालन कार्यविधि, बार्षिक साधारण सभा संचालन कार्यविधि, सुत्केरी भेटघाट तथा खुत्रुके वितरण कार्यविधि, सम्पति खरिद तथा प्रयोग सम्बन्धि कार्यविधि, लेखा सुपरिवेक्षण तथा उप समितिहरुको वैठक संचालन कार्यविधि, दुध पोखरी समय पालना सम्बन्धि कार्यविधि तयार पारी लागु गरिएको छ ।

## १०. सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग :

सहकारी संस्थाको पनि आफ्नो छुट्टै सामाजिक उत्तरदायित्व वहन गर्नुपर्ने हुन्छ । यसैलाई मनन गर्दै संस्थाले बि. सं. २०६९/०७० देखि सामाजिक उत्तर दायित्व तथा सम्मान कार्यकमहरु गरी आईरहेको छ । आर्थिक बर्ष २०७४/७५ मा बिभिन्न संघ संस्थाहरुबाट संस्थामा प्राप्त तथा पेश गरिएको प्रस्तावना पत्रहरुको आधारमा निम्न संघ संस्थाहरुलाई आर्थिक सहयोग प्रदान गरियो ।

- जुरे भुमी युवा क्लब तप्राङ्गलाई रु. ५०००/-
- नव सिदार्थ महिला बचत स्मारीकाको लागि रु. १५००/-
- चिउली पाचे तमु समाजको विधि सांस्कृतिक साँझ कार्यकमलाई सहयोग स्वरुप रु. १०,०००/-
- सितल ज्योति युवा क्लवले आयोजना गरेको सरसफाई अभियानको लागि रु. ६५००/-

## ११. शेयरधनी सदस्यहरुको लागि संचालन गरिएको सेवा, तालिम तथा कार्यकमहरु :

- २०७४ साल साउन ७ गते शनिबार बार्षिक समिक्षा तथा योजना निर्माण कार्यशाला गोष्ठी सम्पन्न गरियो ।
- मिति २०७४ साल कार्तिक १० देखि १२ सम्मा संस्थागत विकास तालिम लुम्लेमा सम्पन्न गरियो । तालिमको प्रशिक्षकमा नेफस्कुनका तालिम अधिकृत नवकुमार अधिकारी हुनुहुन्थ्यो ।
- २०७४ साल मंसिर ७ गते अन्य सहकारीबाट केही सिक्ने उद्देश्यका साथ यस संस्थाका संचालकहरु जन कल्याण बचत तथा ऋण सहकारी संस्था बेशिसहरमा अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रममा सहभागि भयो ।

- २०७४ साल फाल्गुन १६ गते बुधवारका दिन यस संस्थाको नयाँ कर्मचारीलाई स्वागत तथा विदाई कार्यक्रम सम्पन्न गरियो ।
- २०७४ साल चैत्र १९ गते सोमबार ६१ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा बृहत सरसफाई कार्यक्रम सम्पन्न गरियो ।
- जिल्ला सहकारी संघले आयोजना गरेको अन्तरराष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा २०७४ साल चैत्र २० गते सक्रिय सहभागि भयो ।
- नववर्ष २०७५ को उपलक्ष्यमा शेयर सदस्यहरु, कर्मचारीहरु तथा सल्लाहकारहरुलाई वार्षिक बनभोज तथा सहकारी शिक्षा सम्बन्धि अन्य कार्यक्रमहरु बैशाख १५ गते शान्तिबन बाटिकामा सम्पन्न गरियो ।
- २०७५ साल असार ३१ गते आईतबारका दिन बार्षिक समिक्षा तथा योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न गरियो ।
- संस्थामा शेयर सदस्यहरुबाट सुझावको अपेक्षा गर्दै सुझाव-पेटिकाको व्यवस्था गरिएको छ । साथै विजुली, टेलिफोन लगायत अन्य महशुल वुझाउने सुविधा प्रदान गरिएको छ ।
- विगतमा जस्तै अन्तर सहकारी सम्बन्ध बढाउने कार्यक्रमहरुमा सहभागि हुने आवश्यकता र माग अनुसार लगानीको क्षेत्र पहिचान गर्ने कार्यक्रमहरु संचालन गरियो ।
- विभिन्न प्रकारको रेमिटेन्सको सेवा आई. एम. ई. हिमाल रेमिट, वेस्टन युनियन, सम्सारा मनिग्राम प्रभु, रियो, सिटी एक्सप्रेस, पृथ्वी रेमिट एक्सप्रेस, सिद्धार्थ सेन्चुरी, वल्ड रेमिट, जि.एम ई ग्लोवल, रेमिट आदि हाल संचालनमा छन् ।

## ११. प्रोवेशन कार्यक्रम :

- यसै वर्ष नेफ्स्कुनद्वारा संचालित प्रोवेशन कार्यक्रमको कार्यदलको समिक्षा बैठकमा हालसम्म ६ पटक सहभागि भएको छ ।

## १२. संचालक समितिको बैठक :

- यस आर्थिक वर्ष २०७४/०७५ मा संचालक समितिको पुर्ण बैठक १५ पटक बसेको र ३ वटा विशेष वैठक गरियो ।
- यस आर्थिक वर्ष २०७४/०७५ मा लेखा समितिको पुर्ण बैठक ९ पटक बसेको ।

## १३. श्रद्धान्जली :

- यस संस्थाका शेयर सदस्य तथा संस्थापक सचिब श्री पोल बहादुर गुरुङ्ग, श्री भासर गुरुङ्ग र श्रीमती पुष्पा देवी गुरुङ्गको ममतामयी आमा श्रीमती विरकुमारी गुरुङ्गको निधनमा श्रद्धान्जली अर्पण गरियो ।
- यस संस्थाको सदस्य श्रीमती हाईसुवा गुरुङ्ग र श्री बलबहादुर गुरुङ्गको बुवा श्री योरो गुरुङ्गको निधनमा श्रद्धान्जली अर्पण गरियो ।
- यस संस्थाको शेयर सदस्य श्रीमती विष्णु कुमारी गुरुङ्गसेनीको निधनमा श्रद्धान्जली अर्पण गरियो ।

## १४. बधाई तथा शुभकामना :

- यस संस्थाका शेयर सदस्य श्री तिर्थ बहादुर गुरुङ्गको पाठशाला मदन पुरस्कार गुठी अन्तरगत बि.सं. २०७४ मा नेपालभरी प्रकाशित उपन्यास विधामा उत्कृष्ट आठभित्र पर्न सफल हुनु भएकोमा संस्थाको तर्फबाट लेखक तिर्थ बहादुर गुरुङ्गलाई हार्दिक बधाई तथा सम्मान व्यक्त गर्दछौं ।

## १५. थप सम्मान कार्यक्रम :

- यस संस्थाले प्रत्येक वर्ष आफना सदस्यहरुबाट उत्कृष्ट सदस्य सम्मान गर्दै आएकोमा गत आर्थिक वर्ष २०७३/०७४ मा उत्कृष्ट सदस्यको रुपमा सम्मान गरियो ।
- संस्थाको ज्येष्ठ सदस्यलाई सम्मान गर्ने कार्यक्रम अन्तर्गत गत आर्थिक बर्ष २०७३/०७४ मा पनि जेष्ठ सदस्यलाई सम्मान गरियो ।
- संस्थाका शेयरधनी सदस्यहरुका छोरा छोरीलाई प्रवेशिका परिक्षामा उतिर्ण गरेबापत यस वर्ष पनि सम्मान गरियो ।
- आर्थिक वर्ष २०७३/०७४ बाट उत्कृष्ट कर्मचारीलाई छनौट तथा सम्मान गर्ने कार्यक्रम अन्तर्गत संस्थाका व्यवस्थापक श्रीमती दुधकाशी गुरुङ्गलाई सम्मान गरियो ।

**१६. कर्मचारी तथा संचालक समितिका सदस्यहरुलाई तालिम तथा गोष्ठीहरु :**

- व्यवस्थापक दुधकाशी गुरुङ्ग, कोषाध्यक्ष सम्सेर गुरुङ्ग तथा मोहन सिङ्ग गुरुङ्ग बि.सं. २०७४ साल भाद्र २४,२५,२६ मा उच्चस्तरीय पर्ल्स अनुगमन तालिममा सहभागि भयो ।
- बि.सं. २०७४ पौष ७ गते शिक्षा संयोजक श्री खिम कुमार गुरुङ्ग राष्ट्रिय सहकारी बैंकको साधारण सभा र बि.सं. २०७४ पौष ९ गते नेफस्कुनको साधारण सभा काठमाण्डौमा सहभागि भयो ।
- बि.सं. २०७५ बैशाख १९ देखि २१ सम्म सम्पति शुद्धिकरण तालिममा व्यवस्थापक श्रीमती दुधकाशी गुरुङ्ग, संचालक समिति सदस्य सु.श्री हर्क वहादुर गुरुङ्ग र श्री गम्भीर जङ्ग गुरुङ्ग सहभागि भयो ।
- बि.सं. २०७५ साल जेष्ठ २४ र २५ गते साकोस शिखर गोष्ठी काठमाण्डौ सोल्टी काउनमा ऋण अधिकृत गम्भीर जङ्ग गुरुङ्ग र सचिव कौशिला गुरुङ्ग सहभागि भएको थियो ।
- बि.सं. २०७५ साल जेष्ठ २७ गते नेपाल केन्द्रिय बचत तथा ऋण सहकारी संस्था नेफस्कुन र कास्की बचत तथा ऋण सहकारी संघको आयोजनामा कास्की जिल्ला स्तरीय प्रथम महिला गोष्ठीमा सचिव कौशिला गुरुङ्ग र संचालक समिति सदस्य श्रीमती जमुना देबी श्रेष्ठ सहभागि भएको थियो ।
- कार्यालय व्यवस्थापक दुधकाशी गुरुङ Women Mentorship Program 2018 मा June 2 देखि June 29 सम्म क्यानडामा सहभागि भएको थियो ।

अध्यक्षज्यु, अन्त्यमा यस गरिमामय साधारण सभामा आफ्नो अमुल्य समय दिई उपस्थित हुनु भएको प्रमुख अतिथिज्यु, विशेष अतिथिज्युहरु, शेयरधनी सदस्यज्युहरु लगायत सम्पुर्ण शुभ चिन्तकहरु सबैमा पुन हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदन यस सभामा छलफल गरी अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

जय दुध पोखरी सहकारी

कौशिला गुरुङ्ग
सचिव

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**माटेपानी–१२, पोखरा**

## दशौं वार्षिक साधारण सभामा कोषाध्यक्ष सम्सेर गुरुङ्गबाट आर्थिक वर्ष २०७४/०७५ को आर्थिक प्रतिवेदन तथा २०७५/०७६ को प्रस्तावित बजेट

यस दशौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, विषेश अतिथीज्यूहरु, संचालक समिति र उप-समितिका पदाधिकारीज्यूहरु, उपस्थित आदरणीय शेयर सदस्यज्यूहरु, यस संस्थाका प्रबन्धकज्यू तथा कर्मचारीज्यूहरु संस्थाका सहयोगी एवं शुभचिन्तकज्यूहरु सर्वप्रथम हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दै यस संस्थाको सम्मानित दशौं वार्षिक साधारण सभाको प्रतिवेदन पेश गर्ने अनुमति चहान्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु आज हामी हाम्रो संस्था दुध पोखरी साकोसको दशौं बार्षिक साधारण सभाको कार्यक्रममा सहभागी भैरहेका छौं । हाम्रो लागि यो समय/यो दिन गौरवको दिन हो । हिजो संस्था स्थापना गर्ने दिनहरुमा संस्थापक अगुवाई गर्ने सदस्यहरुलाई के कति समस्याहरुको सामना गर्नु परेको थियो त्यो यहाँहरुलाई थाहा नै छ, मात्र ५२ जना शेयर सदस्यज्युहरु बाट रु. ५,२०,०००/- संकलन शेयर पुँजी परिचालन गर्न कसरी गर्ने, के गर्ने, के नगर्ने अन्यौलमा थियो, दोधारमा थियो, आदि आदि समस्याहरुसंग लडिबुडि खेल्दै शुरुवात गरेको यो संस्था आज दशौं बर्षमा आई पुग्दा हाम्रो शेयर पुँजी रु. ३,७७,९०,८००/- र कुल सम्पति रु. ३६,९०,०१,२७६/- हुनु या पुग्नु हाम्रो लागि ठुलो उपलब्धि हो जस्तो मलाई लाग्छ । यस उपलब्धिमा विशेष गरी कर्मचारीहरुको मेहनत संचालकहरुबाट सहि निर्णय, सल्लाहा, दिशानिर्देश साथै तपाई शेयर सदस्यज्युहरुको न्यानो माया र बिश्वासले नै यो परिणाम हासिल गर्न सकेको हो । यस प्रतिफलले हाम्रो हौसला अझ बढेको छ । हामीले धेरै गर्‍यौ भन्नु भन्दा अझै हामीले धेरै सिक्नुछ , जान्नुछ र धेरै गर्नु छ । आज सम्मका सिकाईबाट हासिल गरेका अनुभवलाई निखार्दै संस्थामा समय सापेक्ष नीति, विधि र प्रविधिको साथ **“समुदायको दिगो विकासको लागि उत्कृष्ठ सहकारी संस्था”** परिकल्पना लक्ष्यका साथ शेयर

सदस्यहरुको गुणस्तरीय जीवन निर्माणको लागि सहकारी सिद्धान्त अनुरुप सम्पूर्ण वित्तीय सेवाहरु प्रदान गर्ने संस्थाको रुपमा स्थापित गरी ती सेवाहरु प्रदान गर्दैछ, गरिरहेकोछ र भविष्यमा पनि अझ सहज रुपमा गरिरहनेछ हामीले विश्वास लिएका छौ । यही अनुसार शेयर सदस्यहरुको सम्पूर्ण प्रकारको बचत, आवश्यकता अनुसार कर्जा, रेमीटेन्स सेवा र विशेष गरी सिक्लेस बचत संकलन केन्द्रबाट गाउँका जनतालाई आफ्नै घर आँगनमा ती सेवा सुविधाहरु प्रदान गर्न सक्नु हाम्रो लागि सौभाग्य को कुरा हो ।

आदरणीय शेयर सदस्यज्यूहरु, मेरो तपाईहरु प्रति व्यक्तिगत र संस्थाको तरफबाट सुझावका साथ हार्दिक अनुरोध छ । भन्छन्

**"थोपा थोपा मिलेर गाग्री भरिन्छ ,**
**खोला खोला मिलेर नदी बन्छ ,**
**अनि नदी नदी मिलेर समुन्द्र बन्छ"**

त्यस्तै प्रकार हाम्रो यो साकोसको लागि तपाई हामीबाट संकलित शेयरपुँजी, अहिले सम्मको जगेडा कोष अनि संस्थागत पुँजीको यो हाम्रो संस्थाको स्तम्भ (पिलर) मा ईच्छ्याईको महल(घर) ले पूर्णता तब पाउँछ यानी वितीय संस्थाको लागि सन्तोषजनक आम्दानी तब पाउँछ जब तपाई हामी शेयर सदस्यहरुले यस संस्थामा निरन्तर कारोबार गरिन्छ, अनि दैनिक र मासिक बचत गर्छ,, यो दैनिक र मासिक बचत संस्थाको लागि मलजल हो, मलजल बाट नै उत्पादनमा बृद्धि हुन्छ यो सबैलाई थाहा भएको कुरा हो । "**भोल् को पानी भन्दा मुलको पानी दिगो हुन्छ"** यही शुत्रलाई अपनाउनु संस्थाको लागि हितकारी छ । यो शुत्रलाई हामी सबैले निरन्तर पालन गर्दै गएमा संस्थाको प्रगति "**दिन दुइ गुणा रात चौगुणा"** हुनेमा दुइ मत हुने छैन । अनि मासिक बचतको सन्दर्भमा भन्नु पर्दा हालको नीतिमा केही सुधार गर्नुपर्छ, यस विषयमा बिस्तृत छलफलको जरुरी छ । हिजो हामीले बुजेका थिएनौ अहिले बुजेर पनि त्यहीमा सिमित भै रह्यौ भने सम्भव न्यून मै सिमित रहने छ ।

## आ.व २०७५।०७६ को लागि प्रस्तावित कार्यक्रमहरु

| क्र.सं. | शिर्षक | लक्ष्य | प्रस्तावित बजेट |
|---|---|---|---|
| १. | शेयरपूँजी | ४०० जना | ८०,००,०००।- |
| २. | **निक्षेप/बचत व्यवस्थापन**<br>• बचत संकलन<br>• बचत फिर्ता | शेयर सदस्यहरुबाट | <br>९५,००,००,०००।-<br>९०,००,००,०००।- |
| ३. | कर्जा लगानी व्यवस्थापन<br>• कर्जा लगानी<br>• कर्जा असुली | शेयर सदस्यहरुबाट | <br>२२,००,००,०००।-<br>१५,००,००,०००।- |
| ४. | **कार्यालय व्यवस्थापन, शिक्षा, तालिम तथा मानव संशाधन कार्यक्रम**<br>• विभिन्न संघसंस्थाले आयोजना गरेको तालिम तथा कार्यक्रममा सहभागि<br>• संस्थाको रणनीतिक योजनाका समिक्षा गर्ने<br>• संस्थालाई आवश्यक थप विभिन्न नीतिहरुको निर्माण<br>• विभिन्न खालको सचेतनामुलक कार्यक्रमहरुको आयोजना<br>• सहकारी शिक्षा कार्यक्रम | संचालक समिति, शेयर सदस्यहरु तथा कर्मचारी | ६,००,०००।- |
| ५. | **सहकारी अध्ययन भ्रमण**<br>• स्थानीय तथा बाह्य सहकारीको अध्ययन तथा अवलोकन भ्रमण | संचालक समिति, शेयर सदस्यहरु तथा कर्मचारी | ५,००,०००।- |
| ६. | **उत्सव तथा समारोहका लागि**<br>• दशै, तीज, नारी दिवस, | संचालक समिति, शेयर सदस्यहरु, | ४,००,०००।- |

| | | | |
|---|---|---|---|
| | सहकारी दिवस<br>• सहकारी बनभोज<br>• अन्य थप कार्यक्रम | कर्मचारी तथा स्थानिय समाज | |
| ७. | सदस्य सम्मान तथा पुरस्कार | | ५०,०००।- |
| ८. | **कार्यालय सम्पत्ति खरीद**<br>• कम्प्युटर तथा प्रोजेक्टर<br>• सहकारी सफ्टवेयर<br>• अन्य थप सामानहरु | | ५,००,०००।- |
| ९. | **सामाजिक उत्तर दायित्व / सामुदायिक गतिविधि**<br>• सरसफाई कार्यक्रम<br>• सदस्यहरुको लागि विभिन्न हेल्थ कार्यकम तथा रक्तदान कार्यकम<br>• विभिन्न संघसंस्थाबाट प्राप्त प्रस्तावनाहरुलाई अवश्यकता अनुसार सहयोग<br>• अन्य कार्यकम | शेयर सदस्यहरु तथा स्थानिय समाज | १,५०,०००।- |
| १०. | आम्दानी | | ४,८०,००,०००।- |
| ११. | खर्च | | ३,६१,००,०००।- |
| १२. | बचत | | १,१९,००,०००।- |

## आ.व. २०७५/०७६ को अनुमानित बजेट

### आम्दानी तर्फ

| क.सं. | शिर्षक | २०७४/०७५ को लक्ष्य | २०७४/०७५ को प्रगति | २०७५/०७६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | व्याज आम्दानी | ३,६०,००,०००।०० | ३,४६,८१,२०९.४३ | ३,७०,००,०००।०० |
| २. | व्यवास्थापन तथा सेवा शुल्क | १३,००,०००।०० | ९,५५,८२६.७९ | १४,००,०००।०० |
| ३. | बैक व्याज | २८,००,०००।०० | ५१,२५,७१८.६२ | ५०,००,०००।०० |
| ४. | निवेदन तथा प्रवेश शुल्क | ९,८००।०० | १४,८००.०० | २०,०००।०० |
| ५. | डिभिडेन्ट प्राप्त | | ८,७८२.१७ | १०,०००।०० |
| ५. | विविध आम्दानी | १२,०००।०० | १,९२०.०० | १०,०००।०० |

### खर्च तर्फ

| क.सं. | शीर्षक | २०७४/०७५ को लक्ष्य | २०७४/०७५ को प्रगति | २०७५/०७६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | संचालक समिति खर्च | ३,२०,०००।०० | २०,४००।०० | २,५०,०००।०० |
| २. | मसलन्ध तथा छपाई | २,२०,०००।०० | ३,००,४२५।०० | ३,००,०००।०० |
| ३. | यातायात तथा ईन्धन | ५५,,०००।०० | २४,६७६।०० | ५०,०००।०० |
| ४. | घर भाडा खर्च | १,९५,२१२।०० | १,९८,२१६।०० | २,१४,७३३।३४ |
| ५. | मर्मत तथा संभार | ५०,०००।०० | ८६,२९१।०० | १,००,०००।०० |
| ६. | बैक व्याज कर | ४,२५,०००।०० | ८,३५,६५६।५८ | १५,००,०००।०० |
| ७. | टेलिफोन पानी विजुली | १,००,००।०० | १,०९,८०४।०० | १,१५,०००।०० |
| ८. | सहकारी भ्रमण / शिक्षा / तालिम | १२,९०,०००।०० | १०,६१०।०० | ५,००,०००।०० |
| ९. | साधारण सभा | ८,००,०००।०० | ८,८१,९९५।०० | ९,५०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| १०. | अतिथि सत्कार | ३०,०००।०० | २७,२८०।०० | ४०,०००।०० |
| ११. | लेखा परिक्षण शुल्क | ९३,२२५।०० | ८४,७५०।०० | ९३,२२५।०० |
| १२. | स्थिर सम्पत्ति मुल्यह्रास | २,८३,४५१।०० | २,५५,४३४।०५ | २,२५,४५०।०० |
| १३. | विविध खर्च | ६५,०००।०० | ६०,०७३।७१ | ५०,०००।०० |
| १४. | मनोरन्जन खर्च | २,५०,०००।०० | ६५,७००।०० | २,५०,०००।०० |
| १५. | व्याज खर्च | २,२५,००,०००।०० | २,६५,०७,७८७।१८ | २,७५,००,०००।०० |
| १६. | कर्मचारी खर्च | ३२,००,०००।०० | ३१,८७,०३१।६७ | ३४,००,०००।०० |

अध्यक्षज्यु अन्त्यमा यस गरिमामय दशौं वाषिक साधारण सभामा आफनो अमुल्य समय दिई उपस्थित हुने प्रमुख अतिथिज्यु, विशेष अतिथिज्युहरु, शेयरधनी सदस्यज्युहरु सबैमा पुनः हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदनलाई यस सभामा छलफल गरी अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद, जय दूध पोखरी सहकारी ।

कोषाध्यक्ष

कप.सम्सेर गुरुङ्ग

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मार्टेपानी–१२, पोखरा

## दशौ वार्षिक साधारण सभामा लेखा तथा सुपरिवेक्षण समितिका तर्फबाट संयोजकः श्री देवीजङ्ग गुरुङ्गद्वारा प्रस्तुत आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सञ्चालक समितिका सदस्यज्युहरु, सल्लाहकारज्युहरु, शेयर सदस्यज्युहरु साथै उपस्थित सम्पुर्ण महानुभावहरुमा लेखा समितिको तर्फबाट हार्दिक न्यानो अभिवादन टकयाउन चहान्छु ।

यस दुध पोखरी बचत तथा ऋण सहकारी संस्था लि. वि. स. २०६५ सालमा स्थापना भई ५२ जना शेयर सदस्यज्यूहरुबाट रु. ५२०,०००।- शेयर पुँजी संकलन गरी संचालक भई तपाई हामी सम्पुर्ण शेयर सदस्य शुभेच्छुकहरुको माया, ममता तथा साथले गर्दा आ.व. २०७४।०७५ को आषाढ मसान्तसम्म १७८१ जना शेयर सदस्यबाट रु. ३,७४,८९,६००।- शेयर पुँजी पुर्याउन सफल भएको छ । यस अवधिमा संस्थाले रु. ८९,८०,७४,८५६।०९ बचत संकलन तथा रु.८३,५६,०७,८१६।९२ फिर्ता गरी रु. १७,८०,४३,६५२ परिचालन गर्न सक्षम रहेको व्यहोरा यहाँहरु सामु अवगत गराउन पाउँदा म हर्षित छु ।

शेयर सदस्य महानुभावहरुको माया, साथ र सहयोगले गर्दा यो संस्था आज सातौं वार्षिक साधारण सभा गर्न सक्षम भएको छ । अध्ययनको कममा यस आर्थिक वर्षमा आन्तरिक लेखा परिक्षण गर्दा देखिएका गतिविधि एवं त्यसमा देखिएका टिप्पणीहरु वुँदागत रुपमा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- लेखाको सहकारी मापडण्ड २०६८को अनुसार दोहोरो लेखा प्रणाली अन्तरगत कम्प्यूटरको माध्यमबाट प्रष्टसंग राखिएको छ ।

- आ.व.को दशौं साधारण सभाबाट पारित बजेट र आय व्ययको लक्ष्य प्राप्तिको लागि सुपरिवेक्षण हुँदा शेयर, निक्षेप, कर्जा, व्याज, आम्दानी, तरलता आदि पक्ष सकारात्मक देखिन्छ भने दायित्व लक्ष्य भन्दा न्यून देखिएकोले त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । संस्थामा सदस्य शेयर, निक्षेप, कर्जा लगानी, आम्दानी र खर्चको जुन अनुपातमा बृद्धि भैरहेको छ त्यसलाई निरन्तरता दिन आर्थिक प्रशासन तथा कार्यान्वयन पक्षलाई समयानुकूल सक्षम बनाउदै जानुपर्ने ठुलो चुनौति पनि थप हुन आएको हुँदा स्तरीय र गुणात्मक सेवा दिने तर्फ कार्यान्वयन पक्षको ध्यानाकर्षण गराइएको छ।
    - संस्थाले प्रस्तुत गरेको आ.व. २०७४/०७५ को वासलातले संस्थाको आर्थिक अवस्थाको स्थिति र नाफा नोक्सान हिसावले लाभ हानीको यथार्थ चित्रण गर्दछ ।
    - ऋण लगानीको प्रकृया सरल, सुरक्षित र धितो पर्याप्तताको आधारमा गरिएको छ ।

अन्तमा, लेखा सुपरिवेक्षण कार्य सहयोग पुर्‍याउनु हुने व्यवस्थापनका साथीहरु, सम्पूर्ण कर्मचारीलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछौ ।

जय सहकारी ।

देवी जंग गुरुङ्ग
संयोजक

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

माटेपानी–१२, पोखरा

# आर्थिक प्रतिवेदन

## आ.व.२०७४/०७५

PAN No. 303657578 Regd. No. 373-066/67

Goshali & Associates
Chartered Accountants

Mahendrapool, Pokhara-9, Kaski, Nepal
061-541112 9856030092
goshaliassociates@gmail.com

श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा १२, माटेपानी, कास्की

**विषय : आ व २०७४।७५ को लेखापरिक्षण प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

हामीले श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लि., पोखरा १२, माटेपानी, कास्कीको यसैसाथ संलग्न आ. व. २०७४।७५ को वासलात (Balance sheet ), सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण (income statement) र नगद प्रवाह विवरण (cash flow statement) को लेखापरिक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरु प्रति उत्तरदायित्व संस्थाको व्यवथापनमा निहित रहन्छ । व्यवस्थापनले तय गरेका ति वित्तिय विवरण उपर लेखापरिक्षणको आधारमा मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।
हामीबाट लेखापरिक्षणको कार्य नेपाल लेखापरिक्षणमान् तथा लेखापरिक्षणसँग सम्वन्धित अन्य प्रचलन समेतलाई आधार लिई लेखापरिक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभुत रुपमा गलत आँकडा रहित छ भन्ने कुरा विश्वस्त हुनका लागि यी सिद्धान्त अनुसार लेखापरिक्षण योजना तयार गरी तदनुसार लेखापरिक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरण पुष्ट्याई गर्ने प्रमाणको छड्के परिक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । तसर्थ संस्थाले अवलम्वन गरेका लेखाका सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान तथा वित्तिय विवरण प्रस्तुतीको समग्र मूल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ । अत: लेखापरिक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

उपरोक्त आधारमा संस्थाले पेश गरेका अभिलेखको आधारमा लेखापरिक्षण गरि निम्नानुसारको प्रतिवेदन पेश गरिएको छ।

- लेखापरिक्षण सम्पन्न गर्न आवश्यक परेका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका थिए साथै हामीलाई उपलब्ध भएको लेखा अभिलेख एवं विवरण तथा पुष्टि प्रमाणहरु सन्तोषजनक देखिए ।
- हामीले जानेबुझेसम्म एवं प्राप्त सूचना तथा स्पष्टिकरण र लेखापरीक्षणको आधारमा सञ्चालक समिति तथा कुनै कर्मचारीले एवं सम्वन्धित अन्य कसैले गैरजिम्मेवारीपूर्ण कामकाज गरी गराइ संस्थालाई हानी नोक्सानी गरे गराएको पाएनौं ।
- हाम्रो राय यसै साथ संलग्न लेखापरिक्षणको टिप्पणी अनुसूचीमा उल्लेख गरिएको छ जुन यस प्रतिवेदनको अभिन्न अंगको रुपमा रहेको छ ।

हाम्रो रायमा नेपाल लेखामान एवं प्रचलित लेखापरिक्षण सिद्धान्त र सम्बन्धित ऐनसँगँ संलग्न वित्तिय विवरणले लेखाको सिद्धान्त तथा प्रचलित लेखाप्रणाली अनुसार र सोही साथ संलग्न लेखासँग सम्वन्धित टिप्पणीका साथ अध्ययन गर्दा २०७४।७५ को वित्तिय अवस्था र सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव विवरण तथा वासलातले संस्थाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्दछ ।

नि: गोशली एण्ड एसोसियट्स
चार्टड एकाउन्टेन्ट्स

सिए. अर्जुन गोशली
(प्रोप्राइटर)

मिति: २०७५।०५।१०
स्थान: पोखरा, कास्की ।

# श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१२, माटेपानी, कास्की

## वासलात (२०७५ आषाढ मसान्तको)

| दायित्व | अनुसूची | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| शेयर पूँजी | १ | ३७,७९०,८००.०० | ३७,४८९,६००.०० |
| साधारण जगेडा कोष | २ | ७,९३२,७३९.१४ | ५,०३८,८४१.४३ |
| अन्य कोषहरु | २ | ४,१९९,७३९.५३ | ६,७४०,४२६.३८ |
| भूमि तथा घर निर्माण कोष | | १,८२९,१४१.२८ | ०.०० |
| भुक्तानी गर्न बाँकी ऋण | | ०.०० | ५,०७४,५५९.९८ |
| निक्षेप दायित्व हिसाब | ३ | २९८,२४२,३११.९६ | २३५,७७५,२८०.७९ |
| अन्य दायित्व तथा व्यवस्थाहरु | ४ | १०,४२७,३११.९८ | ६,९१६,०२९.९० |
| ऋण नोक्सानी कोष हिसाब | ५ | ७,२५८,३१६.९८ | ५,१३०,८०४.४१ |
| आयकर व्यवस्था | | १,३२०,९०७.६४ | १,५६५,२६९.२९ |
| **कुल जम्मा** | | ३६९,००१,२७६.५१ | ३०३,७३०,८१२.१७ |
| **सम्पत्ती:** | | | |
| स्थिर सम्पत्ती | ६ | १६,६५७,९०२.६७ | १५,५२१,४३६.७२ |
| शेयर लगानी हिसाब | ७ | १२१,०००.०० | १२१,०००.०० |
| ऋण लगानी हिसाब | ८ | २६५,८४६,६७३.५३ | २२२,३७२,६८१.०७ |
| अन्य सम्पत्ती | ९ | ५,८९९,०२०.७५ | ४,५४३,८१०.०४ |
| बैंक मौज्दात | १० | ८०,४६९,६२१.२४ | ६१,१५५,६९७.२१ |
| नगद | | ७,०५८.३२ | १६,१८७.१३ |
| **कुल जम्मा** | | ३६९,००१,२७६.५१ | ३०३,७३०,८१२.१७ |

| | |
|---|---|
| प्रमुख लेखा निति तथा टिप्पणीहरु | १६ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रवन्ध निर्देशक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | चार्टर्ड एकाउन्टेण्ट

मितिः २०७५/०५/१०

स्थानः पोखरा, कास्की ।

# श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१२, माटेपानी, कास्की

## आय विवरण

आ.व. २०७४-७५ (श्रावण १, २०७४ देखि असार ३२, २०७५ सम्म)

| बिबरण | अनूसुचि | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| ब्याज आम्दानी हिसाव | ११ | ३९,८०६,९२८.०५ | ३७,१२७,५२०.०४ |
| ब्याज खर्च हिसाव | १२ | २६,५०७,७८७.१८ | २०,६४१,२९५.७० |
| **खुद ब्याज आम्दानी** | | १३,२९९,१४०.८७ | १६,४८६,२२४.३४ |
| अन्य संचालन आम्दानी | १३ | १,६४६,५२६.१३ | १,५१२,०१४.७६ |
| **कुल संचालन आम्दानी** | | १४,९४५,६६७.०० | १७,९९८,२३९.१० |
| कर्मचारी खर्च | १४ | ३,१८७,०३१.६७ | ३,९३४,३५०.०० |
| संचालन खर्च | १५ | २,७७१,१५०.५१ | ४,४६६,१५१.१६ |
| **ह्रास खर्च अघिको संचालन मूनाफा** | | ८,९८७,४८४.८२ | ९,५९७,७३७.९४ |
| ह्रास खर्च | ६ | २५५,४३४.०५ | २५७,६८३.३५ |
| **ऋण नोक्सानी खर्च अधिको संचालन मूनाफा** | | ८,७३२,०५०.७७ | ९,३४०,०५४.५९ |
| ऋण नोक्सानी कोष ब्यबस्था | ५ | २,१२७,५१२.५७ | १,७४३,१३०.७८ |
| **गैर संचालन आम्दानी अगाडिको मूनाफा** | | ६,६०४,५३८.२० | ७,५९६,९२३.८१ |
| गैर संचालन आम्दानी | | ८,७८२.१७ | २,३१३.८५ |
| **आयकर कट्टी गर्नु अघिको मूनाफा** | | ६,६१३,३२०.३७ | ७,५९९,२३७.६६ |
| आयकर ब्यवस्था-चालु आ.व. | | १,३२०,९०७.६४ | १,५६५,२६९.२९ |
| आयकर भुक्तानी-गत आ.व. | | १२४,७४७.८० | - |
| **खुद मूनाफा** | | ५,१६७,६६४.९३ | ६,०३३,९६८.३८ |

| | |
|---|---|
| प्रमुख लेखा निति तथा टिप्पणीहरु | १६ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रवन्ध निर्देशक      कोषाध्यक्ष      सचिव      अध्यक्ष      चार्टर्ड एकाउन्टेण्ट

मिति: २०७५/०५/१०

स्थान: पोखरा, कास्की ।

# श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१२, माटेपानी, कास्की

## नगद प्रवाह विवरण

(आ.व.२०७४/७५ को अन्त्यमा)

| क्र.सं. | विवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १. | सञ्चालन गतिविधिबाट नगद प्रवाह | | |
| | कर अगाडिको नाफा | ६,६१३,३२०.३७ | ७,५९९,२३७.६६ |
| | जोडः ह्रासकट्टी खर्च | २५५,४३४.०५ | २५७,६८३.३५ |
| | नाफा संचालन पुँजी समायोजन भन्दा अगाडि | ६,८६८,७५४.४२ | ७,८५६,९२१.०१ |
| | समायोजनः | | |
| | ऋण लगानीमा घटी वढी | (४३,४७३,९९२.४६) | (२७,०२३,६२८.९३) |
| | अन्य सम्पतिमा घटी बढी | (१,३५५,२१०.७१) | २,८३५,९५४.५९ |
| | निक्षेपमा घटी वढी | ६२,४६७,०३९.१७ | (१०,३८६,६०४.८८) |
| | अन्य दायित्वमा घटी वढी | ३,५११,२८२.०८ | १,६१३,८६२.७६ |
| | खराब कर्जा कोषमा घटी वढी | २,१२७,५१२.५७ | १,७४३,१३०.७८ |
| | गत वर्षको कर तिरेको | (१,६९०,०१७.०९) | (६२९,९८३.२१) |
| | सञ्चालन गतिविधिबाट नगद प्रवाह | २८,४५५,३६७.९९ | (२३,९९०,३४७.८८) |
| | | | |
| २ | लगानी गतिविधिबाट नगद प्रवाह | | |
| | क. स्थिर सम्पत्ति (खरिद) | (१,३९१,९००.००) | (१५,२५०,७३०.००) |
| | ख. स्थिर सम्पत्ति बिकी | - | - |
| | ख. लगानीमा कमी (बृद्धि) | - | (९०,०००.००) |
| | लगानी गतिविधिबाट खुद नगद प्रवाह | (१,३९१,९००.००) | (१५,३४०,७३०.००) |
| ३ | वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| | क. शेयर पूँजीमा बृद्धी (कमी) | ३०१,२००.०० | ८,११६,७००.०० |
| | ख. कोषहरुको वितरण | (२,९८५,३१२.७९) | (१८८,३३७.४४) |
| | ग. भुक्तानी दिनुपर्ने ऋणमा घटी बढी | (५,०७४,५५९.९८) | ५,०७४,५५९.९८ |
| | वित्तिय गतिविधिबाट खुद नगद प्रवाह | (७,७५८,६७२.७७) | १३,००२,९२२.५४ |
| | | | |
| | नगद तथा बैंक मौज्दातमा बृद्धि (१ + २ + ३) | १९,३०४,७९५.२२ | (२६,३२८,१५५.३४) |
| | यस बर्षको शुरुमा नगद तथा बैंक मौज्दात | ६१,१७१,८८४.३४ | ८७,५००,०३९.६८ |
| | यस बर्षको अन्त्यमा नगद तथा बैंक मौज्दात | ८०,४७६,६७९.५६ | ६१,१७१,८८४.३४ |

| | |
|---|---|
| प्रमुख लेखा निति तथा टिप्पणीहरु | १६ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रबन्ध निर्देशक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    चार्टर्ड एकाउन्टेन्ट

मिति: २०७५/०५/१०

स्थान: पोखरा, कास्की ।

## श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१२, माटेपानी, कास्की

अनुसुची १: शेयर पूँजी

| विवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| गत वर्ष सम्मको शेयर पूँजी | ३७,४८९,६००.०० | २९,३७२,९००.०० |
| यस वर्ष थप भएको शेयर पूँजी | ३०१,२००.०० | ८,११६,७००.०० |
| जम्मा | ३७,७९०,८००.०० | ३७,४८९,६००.०० |

अनुसुची २: नाफा नोक्सान बाँडफाँड हिसाब

| कोष | नाफाको बाडफाड हिसाव | | | चालू आ.व.मा | | बाँकी |
|---|---|---|---|---|---|---|
| | चालू आ.ब.को | गत आ.व.सम्मको | यस आ.व.सम्मको | वितरण | समायोजन | चालू आ.व.सम्मको |
| जगेडा कोष | १,२९१,९१६।२३ | ५,०३८,८४१।४३ | ६,३३०,७५७।६७ | ०।०० | १,६०१,९८१।४८ | ७,९३२,७३९।१४ |
| भूमि तथा घर निर्माण कोष | | | | | १,८२९,१४१।२८ | १,८२९,१४१।२८ |
| अन्य कोष | ३,८७५,७४८।७० | ६,७४०,४२६।३८ | १०,६१६,१७५।०७ | (२,९८२,४७८।२३ | (३,४३३,९५७।३२ | ४,१९९,७३९।५३ |
| शेयर लाभांस कोष | ७७५,१४९।७४ | १,८०२,३३०।६१ | २,५७७,४८०।३५ | (१,७९८,८२९।१९ | ०।०० | ७७८,६५१।१६ |
| संरक्षित पुंजी फिर्ता कोष | १,५५०,२९९।४८ | २,५६३,१७०।३६ | ४,११३,४६९।८४ | (७३४,०२९।०८ | (१,८२९,१४१।२८ | १,५५०,२९९।४८ |
| कर्मचारी बोनस कोष | ३८७,५७४।८७ | ४५२,५४७।६३ | ८४०,१२२।५० | (४४९,६१९।९६ | (२,८३४।५६ | ३८७,६६७।९८ |
| डूबन्ते ऋण कोष | १९३,७८७।४३ | ३२०,३९६।३० | ५१४,१८३।७३ | ०।०० | (३२०,३९६।३० | १९३,७८७।४३ |
| सदस्य शिक्षा कोष | ३८७,५७४।८७ | ६४०,७९२।५९ | १,०२८,३६७।४६ | ०।०० | (६४०,७९२।५९ | ३८७,५७४।८७ |
| घाटा पुर्ति कोष | १९३,७८७।४३ | ३२०,३९६।३० | ५१४,१८३।७३ | ०।०० | ०।०० | ५१४,१८३।७३ |
| सहकारी विकास कोष | ३८७,५७४।८७ | ६४०,७९२।५९ | १,०२८,३६७।४६ | ०।०० | (६४०,७९२।५९ | ३८७,५७४।८७ |
| जम्मा | ५,१६७,६६४।६३ | ११,७७९,२६७।८१ | १६,९४६,९३२।७४ | (२,९८२,४७८।२३ | (१,८३१,९७५।८४ | १२,१३२,४७८।६७ |

# श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१२, माटेपानी, कास्की

अनुसूची ३: निक्षेप दायित्व हिसाब

| क.सं. | विवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | दैनिक बचत | १४,२८२,५३३.६० | ६,६६५,४४४.४६ |
| २ | मासिक बचत | ५,९९९,४७०.६६ | ३,८७३,७९६.६६ |
| ३ | दुधपोखरी बचत | ८६,७५२,४३४.८९ | ६३,९७५,४३०.०१ |
| ४ | संचयकोष बचत | - | २५१,७०१.०० |
| ५ | ऐच्छिक बचत | ५,२६७,४२९.३६ | ५,७६५,८२८.३५ |
| ६ | १ बर्षे आवधिक बचत | १३४,३०१,०५४.०० | १०५,९९४,०३२.०० |
| ७ | ६ महिने आवधिक बचत | १४,१३८,६५९.०० | ११,९०३,०४३.०० |
| ८ | शेयर धनि बचत | ३७,५००,७३८.४५ | ३७,३४६,००५.३१ |
| | जम्मा | २९८,२४२,३१९.९६ | २३५,७७५,२८०.७९ |

अनुसूची ४: अन्य दायित्व तथा ब्यवस्थाहरु

| क.सं. | विवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | लेखापरीक्षण शुल्क | ८३,६२५.०० | ८३,६२५.०० |
| २ | भुक्तानी दिनुपर्ने बाँकी ब्याज | ५,६००,२७१.०० | ३,२५०,०८४.०० |
| ३ | ब्याज मूल्तबी हिसाब | ३,२३८,३९२.७१ | १,७५९,८०८.७१ |
| ४ | सन्ड्री क्रडिटर्स | २७९,१८५.५४ | १०८,१०५.८१ |
| ५ | कर्मचारी संचयकोष हिसाब | ३९,७००.०० | - |
| ६ | भुक्तानी दिन बाँकी टि.डि.एस | ४७०,३०४.०१ | १,१७१,३७५.१६ |
| ७ | प्रभु रेमिट | २७५,३८८.२५ | १२५,०७२.५० |
| ८ | सिटी एक्सप्रेस रेमिट | ४०६,१४३.९९ | ३०१,५१०.०० |
| ९ | भुक्तानी दिनुपर्ने अन्य हिसाब | ३१,४६६.९२ | ११६,४४८.७२ |
| १० | कर्मचारी कल्याणकारी कोष | २,८३४.५६ | - |
| | जम्मा | १०,४२७,३११.९८ | ६,९१६,०२९.९० |

अनुसूची ५: ऋण नोक्सानी कोष ब्यवस्था

| क.सं. | विवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | **असल ऋण (भाखा ननाघेको)** | २५८,८०५,११८.२१ | २१८,९२४,६३६.५३ |
| | असल ऋणमा ऋण नोक्सानी कोष (१%) (क) | २,५८८,०५१.१८ | २,१८९,२४६.३७ |
| २ | **शंकास्पद ऋण (१ बर्ष सम्म भाखा नाघेको)** | ३,६४८,१३७.७३ | ७७९,२१०.०० |
| | शंकास्पद ऋणमा ऋण नोक्सानी कोष (३५%) (ख) | १,२७६,८४८.२१ | २७२,७२३.५० |
| ३ | **खराब ऋण (१ बर्ष भन्दा बढी भाखा नाघेको)** | ३,३९३,४१७.५९ | २,६६८,८३४.५४ |
| | खराब ऋणमा ऋण नोक्सानी कोष (१००%) (ग) | ३,३९३,४१७.५९ | २,६६८,८३४.५४ |
| ४ | **ऋण नोक्सानी कोष अपलेखन (घ)** | - | - |
| | **यस वर्षको ऋण नोक्सानी कोष ब्यवस्था (क+ख+ग+घ)** | ७,२५८,३१६.९८ | ५,१३०,८०४.४१ |
| | **न्यून: गत वर्ष सम्मको ऋण नोक्सानी कोष ब्यवस्था** | ५,१३०,८०४.४१ | १,५६५,९८२.०६ |
| | **यस वर्ष थप भएको ऋण नोक्सानी कोष ब्यवस्था** | २,१२७,५१२.५७ | ३,५६४,८२२.३५ |

# श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१२, माटेपानी, कास्की

स्थायी सम्पत्ति तथा ह्रास कट्टी विवरण (आ.व. २०७३/७४)

अनुसूची ६

| विवरण | वर्ग | ह्रास कट्टी दर % | परल मुल्य | | | | ह्रास कट्टी | बाँकी मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको रु. | यस वर्ष | | कुल जम्मा | | यस वर्षको रु. | गत वर्षको रु. |
| | | | | थप | समायोजन | मौज्दात | यस वर्षको रु. | | |
| समूह 'क' | क | | | | | | | | |
| जग्गा | | ० | १२,९०६,०००।०० | ०।०० | ०।०० | १२,९०६,०००।०० | ०।०० | १२,९०६,०००।०० | १२,९०६,०००।०० |
| भवन | | ५ | २,१७९,३००।०० | १,२२२,१०७।०० | ०।०० | ३,४०१,४०७।०० | १२९,३३३।४५ | ३,२७२,०७३।५५ | २,१७९,३००।०० |
| समूह 'ख' | ख | | | | | | | | |
| कम्प्यूटर तथा प्रिन्टर | | २५ | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| फर्निचर, फिक्चर्स तथा फर्निसिङ | | २५ | ५०,५११।३४ | १२४,४६३।०० | ०।०० | १७४,९७४।३४ | २५,११६।७५ | १४९,८५७।५९ | ५०,५११।३४ |
| कार्यालय सामान तथा उपकरण | | २५ | ३८५,६२५।३८ | ४५,३३०।०० | ०।०० | ४३०,९५५।३८ | १००,९८३।८४ | ३२९,९७१।५३ | ३८५,६२५।३८ |
| समूह 'ग' | | | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | |
| अटोमोबाइल्स (सवारीसाधन) | ग | २० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| समूह 'घ' | | | | | | | | | |
| प्लान्ट एण्ड मेशिनरी | घ | १५ | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| समूह 'ङ' | ङ | | | | | | | | |
| लिजहोल्ड सम्पत्ति | | ५ | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| सफ्टवयर | | ५ | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| यस वर्षका मौज्दात (रु.) | | | १५,५२१,४३६।७२ | १,३९१,९००।०० | ०।०० | १६,९१३,३३६।७२ | २५५,४३४।०५ | १६,६५७,९०२।६७ | १५,५२१,४३६।७२ |

# श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१२, माटेपानी, कास्की

**अनुसूची ७: शेयर लगानी हिसाब**

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | १०,०००.०० | १०,०००.०० |
| २ | जिल्ला सहकारी संघ लिमिटेड | १६,०००.०० | १६,०००.०० |
| ३ | कास्की बचत तथा ऋण सहकारी संघ लिं | ५,०००.०० | ५,०००.०० |
| ४ | नेफस्कून | ९०,०००.०० | ९०,०००.०० |
| | जम्मा | १२१,०००.०० | १२१,०००.०० |

**अनुसूची ८: ऋण लगानी हिसाब**

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | व्यावसायीक ऋण | १०९,०५०,३८५.४३ | १४४,९७१,३०१.९७ |
| २ | हायर पर्चेज ऋण | ४,०७१,३९७.१० | १,९७५,१०१.१० |
| ३ | ब्यक्तिगत ऋण | ८,५९८,२७९.०० | ११,०१२,१३७.०० |
| ४ | शैक्षिक ऋण | ८,०१८,०२३.०० | ४,१५१,२९२.०० |
| ५ | आवास ऋण | ८७,५१८,२१७.०० | १८,४०६,१२४.०० |
| ६ | बिविध ऋण | ४६,९६७,३३४.०० | ४१,८५६,७२५.०० |
| ७ | सामूहिक जमानी ऋण | १,६२३,०३८.०० | |
| | जम्मा | २६५,८४६,६७३.५३ | २२२,३७२,६८१.०७ |

**अनुसुची ९: अन्य सम्पती**

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | कर्जामा पाउनुपर्ने बाँकी ब्याज | ३,२३८,३९२.७१ | १,७५९,८०८.७१ |
| २ | अग्रिम आयकर दाखिला | १,३७५,०००.०० | ९०१,१२४.८० |
| ३ | ब्याज कर-टि.डि.एस. | ८३५,६५६.५८ | ४२५,३२१.७१ |
| ४ | आइ.एम.ई. तथा वेस्ट्रन युनियन रेमिट हिसाब | (१७२,०९४.४४) | १,३६५,९३१.६६ |
| ५ | पाउनुपर्ने हिसाब | १९,८५५.७१ | १९,८५५.७१ |
| ६ | स्टेसनरी मौजाद | ३२,८४०.०० | ३२,८४०.०० |
| ७ | हिमाल रेमिट | ४८,११४.७६ | १७,३८९.३० |
| ८ | आइ.पे रेलायबल रेमिट | २१६,१२५.०० | १,८०६.२५ |
| ९ | संमसारा रेमिट | ५२,५७७.९० | १९,७३१.९० |
| १० | पेश्की हिसाब | २५२,५५२.५३ | - |
| | जम्मा | ५,८९९,०२०.७५ | ४,५४३,८१०.०४ |

अनुसूची १०: बैंक मौज्दात हिसाब

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| | **फेल्की मुद्दती हिसाब :** | | |
| १ | सांग्रिला विकाश बैंक | – | १०,०००,०००.०० |
| | | | |
| | **कल तथा चालु हिसाब :** | | |
| १ | एनसिसि बैंक लि. | – | ८५,०९६.७३ |
| २ | लुम्बिनी विकाश बैंक लि. | – | २०६,९००.४० |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. | १८,१२१,४४४.२६ | १६,४१९,५७३.०३ |
| ४ | कैलाश विकास बैंक लि. | २४,०७३,०६४.७० | २२,४८७,३०५.७९ |
| ५ | नेफस्कुन | १०,४७१,७९३.७५ | ७,३८७,११६.४४ |
| ६ | आइ.एम.ई. को-अपरेटिभ सर्भिस लि. | ९३३,७३७.९६ | ८८३,७५०.५५ |
| ७ | सांग्रिला विकास बैंक लि. | २०,८००,०६४.४२ | ३,६८५,९५४.२७ |
| ८ | गरिमा विकास बैंक लि. | ४,००७,६८१.१५ | – |
| ९ | नेपाल इनभेष्टमेन्ट बैंक लि. | २,०६१,८३५.०० | – |
| | **जम्मा** | ८०,४६९,६२१.२४ | ६१,१५५,६९७.२१ |

अनुसूची ११: ब्याज आम्दानी हिसाब

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | ऋण बाट प्राप्त ब्याज | ३४,६८१,२०९.४३ | ३४,४९४,१४८.०० |
| २ | बैंकबाट प्राप्त ब्याज | ५,१२५,७१८.६२ | २,६३३,३७२.०४ |
| | **जम्मा** | ३९,८०६,९२८.०५ | ३७,१२७,५२०.०४ |

अनुसूची १२: ब्याज खर्च

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | निक्षेपमा ब्याज खर्च | २६,३४७,५२२.०० | २०,२५९,०२८.०० |
| २ | ऋणमा ब्याज खर्च | १६०,२६५.१८ | ३८२,२६७.७० |
| | **जम्मा** | २६,५०७,७८७.१८ | २०,६४१,२९५.७० |

अनुसूची १३:अन्य संचालन आम्दानी

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | खाताबन्दी शुल्क | ४,०५०.०० | ६,८५०.०० |
| २ | निबेदन शुल्क | १४,८००.०० | ७,४००.०० |
| ३ | ब्यबस्थापन शुल्क | १,२७९,३८०.७९ | १,१०३,६८५.०० |
| ४ | रेमिट्यान्स कमिसन | ३४६,३७५.३४ | २०२,०९८.५४ |
| ५ | बिबिध | १,९२०.०० | ११९,९८१.२२ |
| | **जम्मा** | १,६४६,५२६.१३ | १,४१२,०१४.७६ |

अनुसूची १४: कर्मचारी खर्च

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | तलब तथा ग्रेड | २,४००,४६६.६७ | ३,००८,५००.०० |
| २ | संचयकोष थप | २०५,२००.०० | ३००,८५०.०० |
| ३ | दशैं तथा अन्य भत्ता | ५८१,३६५.०० | ६२५,०००.०० |
| | जम्मा | ३,१८७,०३१.६७ | ३,९३४,३५०.०० |

अनुसूची १५:संचालन खर्च

| क.सं. | बिवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १ | घरभाडा खर्च | १९५,२१६.०० | १७७,४६६.०० |
| २ | सदस्यता शुल्क खर्च | ८,२४०.०० | ९,९१५.०० |
| ३ | टेलीफोन, विजुली तथा पानी खर्च | १०९,८०४.०० | ८९,८८८.०० |
| ४ | मर्मत खर्च(समूह ख) | ८६,२९१.०० | २३,८३०.०० |
| ५ | सहकारी शिक्षा तालिम खर्च | १०,६१०.०० | ४०४,०६१.०० |
| ६ | इनधन तथा यातायात खर्च | २४,६७६.०० | ६५,३०८.०० |
| ७ | लेखापरिक्षण शुल्क खर्च | ८४,७५०.०० | ८४,७५०.०० |
| ८ | मसलन्द तथा छपाइ खर्च | ३००,४२५.०० | १७९,५०५.०० |
| ९ | बैठक भत्ता | २०४,०००.०० | २९२,३७२.०० |
| १० | सामाजिक उत्तरदायित्व खर्च | ५१,२६५.०० | ३४२,१०२.०० |
| ११ | बधाइ तथा सम्मान खर्च | २३,३४८.०० | २४५,८६३.०० |
| १२ | अवलोकन भ्रमण खर्च | ३३४,९९०.८० | ३०६,८८५.२० |
| १३ | अतिथि सत्कार खर्च | ९२,९८०.०० | ९७,६००.०० |
| १४ | विविध खर्च | ६०,०७३.७१ | १६८,६९६.०० |
| १५ | वार्षिक साधारण सभा खर्च | ८८७,९९५.०० | १,१३०,८६४.०० |
| १६ | वार्षिकोत्सब कार्यक्रम खर्च | - | ३५३,३६१.३७ |
| १७ | प्रोवेसन कार्यक्रम खर्च | - | १२५,०००.०० |
| १८ | कार्यक्रम तर्जुमा तथा गोष्ठी खर्च | - | २१९,५७९.५९ |
| १९ | विमा खर्च | | १२,७३५.०० |
| २० | कार्यालय संचालन खर्च | १,३६१.०० | ११३,३७०.०० |
| २१ | सफ्टवयर नविकरण खर्च | - | २३,०००.०० |
| २२ | सुरक्षा गार्ड खर्च | १३५,४४१.०० | - |
| २३ | चिया तथा खाजा खर्च | १५९,६८४.०० | - |
| | जम्मा | २,७७१,१५०।५१ | ४,४६६,१५१।१६ |

## प्रमुख लेखानीति तथा टिप्पणीहरु

**आर्थिक बर्ष २०७४/७५**

**अनुसूची १६**

सहकारीले अपनाएको प्रमुख लेखानीतिहरु निम्नानुसार रहेको छन् ।

### १. सामान्य जानकारी :

**श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लि.** कास्की जिल्लामा स्थापित एक सिमित दायित्व भएको सहकारी हो । यसको रजिष्टर्ड (केन्द्रिय) कार्यालय पोखरा उ.म.न.पा-१२, माटेपानी, कास्की जिल्लामा रहेको छ । सहकारी ऐन २०४८ बमोजिम यस सहकारीको स्थापना भएको हो । संस्थाको दर्ता नं ५७२/०६५-०६६ रहेको छ भने संस्थाको पान ३०३४४३४७४ रहेको छ । शरुमा पोखरा उप-महानगरपालिका अन्तर्गत पर्ने तीन वटा वडालाई समेटेर कारेबार गरेको उक्त संस्थाले वि.सं. २०७२ साउनबाट कास्की जिल्लाभरि कारोबार गर्न स्वीकृति पाइसकेको छ । संस्थाले २०७३ जेठ २२ गते पार्चे गा.वि.स. वडा नं ५, सिक्लेसमा बचत संकलन केन्द्रको पनि स्थापना गरिसकेको छ ।

### २. वित्तीय विवरणहरु को आधार :

क) वित्तीय विवरणहरु सामान्यतया स्वीकृत लेखासिद्धान्तहरु, विद्यमान लेखा नीतिहरु, सहकारी ऐन, नेपाल लेखामान तथा आ.ब. २०७४/७५ लाई लागु हुने निर्देशनहरु बमोजिम तयार गरिएका छन् । अन्यथा उल्लेख गरिएको मा बाहेक सहकारीका लेखानीतिहरु को पालना निरन्तर रुपमा गरिएको छ ।

ख) वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक मुल्य अवधारणा अनुरुप तयार गरिएका छन् ।

ग) अन्यथा उल्लेख गरिएकोमा बाहेक वित्तीय कारोबारहरु प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरी सोही अनुरुप वित्तीय विवरणहरु तयार गरिएको छ ।

### ३. स्थिर सम्पत्तिको लखाङ्कन तथा सो मा ह्रसकट्टि नीति :

क) स्थिर सम्पत्तिहरु लाई ऐतिहासिक लागत अवधारणा अनुरुप लेखाङ्कन गरी देखाईएको छ ।

ख) सहकारीको स्थिर सम्पत्तिहरु को ह्रस कट्टि आयकर ऐन २०५८ बमोजिम घट्दोह्रस प्रणाली (Diminishing Depreciation Method) अनुसार कट्टि गरिएको छ ।

ग) स्थिर सम्पत्तिमा कट्टी हुन् ह्रासलाई आयकर ऐन २०५८ बमोजिम कट्टी गरिएको छ जुन यस प्रकार रहेको छः

| समूह | ह्रासकट्टी दर |
|---|---|
| 'क' | ५% |
| 'ख' | २५% |
| 'ग' | २०% |
| 'घ' | १५% |
| 'ङ' | सम्पत्तिको अनुमानित आयु अनुसार |

### ४. आयकर ब्यवस्था नीति :

आयकर ऐन २०५८ तथा आयकर नियमावली ले ब्यवस्था गरे बमोजिम आयकरको गणना गरिएको छ ।

### ५. लगानी सम्बन्धी नीति :

लगानी लाई लागत अथवा बजार मूल्य मध्ये कम रकममा मुल्याङ्कन गरी सोही अनुसार लेखाङ्क नगर्ने नीति लिइएको छ ।

६. आम्दानी/खर्च लेखाङ्कन नीति :

क) ब्याज गणनाको आधार : ब्याज दिनुपर्ने निक्षेप र सापटी खाताहरुमा ब्याजदिंदा र कर्जा सापटमा ब्याजलिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गर्ने नीति रहेको छ । त्यस्तै लगानीमा पाउने ब्याज लाई समेत ३६५ दिनको एक बर्षको आधार मानी गणना गर्ने नीति रहेको छ ।

ख) ब्याज आम्दानी : कर्जा तथा सापटमा प्राप्त ब्याज लाई नगद प्राप्तिको आधार मा लेखाङ्कन गर्ने नीति लिइएको छ । बैंकबाट प्राप्त भएको ब्याज आम्दानीलाई प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

७. **खराब कर्जा कोषको ब्यबस्था:** सहकारी ऐन २०४८ तथा सहकारी मापदण्ड २०६८ ले तोके बमोजिम सहकारीले लगानी गरेको ऋणको भाका नाघेको आधारमा निम्न अनुसार खराब कर्जा कोषको ब्यबस्था गरेको छ:

| विवरण | समयावधी | दर |
|---|---|---|
| असल ऋण | भाका ननाघेको | १% |
| शंकास्पद ऋण | १ वर्ष सम्म भाका नाघेको | ३५% |
| खराब ऋण | १ वर्ष भन्दा बढी भाका नाघेको | १००% |

८. गत बर्षका अंकहरु आवश्यकता अनुसार समायोजन गरिएका छन् ।

प्रबन्ध निर्देशक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    चार्टर्ड एकाउन्टेन्ट

मितिः २०७५।०५।१०
स्थानः पोखरा, कास्की ।

## श्री दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पोखरा-१२, माटेपानी, कास्की

**आयकर गणना (आयकर ऐन २०५८ अनुसार )**

| विवरण | सहकारी मापदण्ड अनुसार (रु) | आयकर ऐन अनुसार खर्च कट्टी नपाउने | आयकर ऐन अनुसार (रु) |
|---|---|---|---|
| ब्याज आम्दानी | ३९,८०६,९२८.०५ | - | ३९,८०६,९२८.०५ |
| जोड: अन्य आम्दानी | १,६४६,५२६.१३ | - | १,६४६,५२६.१३ |
| जम्मा आम्दानी | ४१,४५३,४५४.१८ | - | ४१,४५३,४५४.१८ |
| घटाऔ संचालनका खर्चहरु | | | |
| ब्याज खर्च | २६,५०७,७८७.१८ | - | २६,५०७,७८७.१८ |
| कर्मचारी तथा प्रशासनिक खर्च | ५,८७१,८९१.१८ | - | ५,८७१,८९१.१८ |
| ह्रासकट्टी | २५५,४३४.०५ | - | २५५,४३४.०५ |
| ऋण नोक्सानी कोष व्यवस्था | २,१२७,५१२.५७ | - | २,१२७,५१२.५७ |
| मर्मत खर्च | ८६,२९१.०० | - | ८६,२९१.०० |
| जम्मा खर्च | ३४,८४८,९१५.९८ | - | ३४,८४८,९१५.९८ |
| कर अगाडिको नाफा | ६,६०४,५३८.२० | - | ६,६०४,५३८.२० |
| गत वर्षको घाटा | - | | - |
| कर योग्य आय | ६,६०४,५३८.२० | | ६,६०४,५३८.२० |
| आयकर व्यवस्था | | | १,३२०,९०७.६४ |
| जोड ब्याज दफा ११७ | | | - |
| जोड ब्याज दफा ११८ | | | - |
| जोड ब्याज दफा ११९ | | | - |
| जम्मा आयकर व्यावस्था | | | १,३२०,९०७.६४ |

**आयकर गणना**

| विवरण | जम्मा गर्नुपर्ने रकम (रु) | जम्मा गरिएको रकम (रु) | टिडिएस जम्मा गरिएको रकम | जम्मा गरिएको कूल रकम | बढी/(नपुग) रकम (रु) | ब्याज दफा ११८ |
|---|---|---|---|---|---|---|
| पहिलो किस्ता - ४०% | ५२८,२६३ | ५००,००० | २०,१५६ | ५२०,१५६ | (८,२०७) | - |
| दोस्रो किस्ता - ७०% | ९२४,६३५ | ८७५,००० | ३४,०७५ | ९०९,०७५ | (१५,५६०) | - |
| तेस्रो किस्ता - १००% | १,३२०,९०८ | १,३७५,००० | ५१,४३६ | १,४२६,४३६ | १०५,५२८ | - |
| जम्मा ब्याज दफा ११८ | | | | | | - |